बैठक नं. २ ८

आज मिति २०७४।०४।२६ गते बिहिवार बिहान ७ बजे यस लालीगुराँस नगरकार्यपालिकाको अध्यक्ष श्री अर्जुन मावोहाङ ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बैठक बसी देहायको प्रस्ताव उप देहाएको निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष श्री अर्जुन मावोहाङ.

उप–प्रमुख श्री तीला पोखरेल

सदस्य श्री रामबहादुर गुरुङ

सदस्य श्री रुद्र बहादुर लिम्बु

सदस्य श्री कमल बहादुर बाँनिया

सदस्य श्री प्रेम बहादुर गौतम

सदस्य श्री नगेन्द्र कार्की

सदस्य श्री तिलोचन लिम्बु

सदस्य श्री देवेन्द्र खड्का

सदस्य श्री तुलसीराम खनाल

सदस्य श्री अमर बहादुर गुरुङ

महिला सदस्य श्री महिला सदस्य श्री कालिका शेर्पा कालिका

महिला सदस्य श्री मन्जु काफ्ले

महिला सदस्य श्री कुमारी नेपाली

महिला सदस्य श्री भुमिका नेपाली

दलित वा अल्पसंख्यक सदस्य

दलित वा अल्पसंख्यक सदस्य कासाङ आङजुक शेर्पा

दलित वा अल्पसंख्यक सदस्य श्री लाल बहादुर नेपाली

सदश्य सचिव कार्यकारी अधिकृत श्री डिकबहादुर कार्की

कर्मचारी श्री पदम ब. भुजेल

प्रस्ताव नं . १ नगर परिषद्को कार्यतालिका संशोधन सम्वन्धमा ।

निर्णय नं. १ : प्रस्ताव नं. १ उपर छलफल हुँदा आ.व.२०७४/०७५ को वार्षिक बजेट नीति तथा कार्यक्रम तर्जुमाका लागि नगरसभाको कार्यतालिका देहायबमोजिम हुने सर्वसम्वतबाट पारित गरियो ।

तपसिल

| सि.नं | कार्यक्रम | सम्पन्न मिति |
|---|---|---|
| १. | राजस्व परामर्श समितिको बैठक | साउन २८ |
| २. | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक | साउन २९ |
| ३. | वडा कार्यालयहरुलाई मार्गदर्शन पठाउने | साउन ३० |
| ४. | वडा बैठकबाट योजनाहरुको प्राथमिकीकरण र शिफारिश | साउन ३१ ,३२ र भाद्र १ गते |
| ५. | बजेट तथा कार्यक्रम तर्जुमा समितिमा अन्तिम रुप | भाद्र १० |
| ६. | नगरकार्यपालिका बैठकमा छलफल र अनुमोदन | भाद ११ |
| ७. | नगरसभाबाट बजेट तथा कार्यक्रम स्वीकृति | भाद्र १३ |

प्रस्ताव नं.२ : विषयगत कार्यालयको प्रशासनिक भवन व्यवस्थापन सम्बन्धमा ।

निर्ण नं. २ : प्रस्ताव नं. २ उपर छलफल हूदा नगरकार्यपालिकाका कुनै पनि प्रशासनिक भवन र विषयगत कार्यालयका सम्पर्क कार्यालय भाडाका कार्यालयमा नराख्ने साथै विषयगत कार्यालयका कर्मचारीका लागि आवश्यक पर्ने कार्यकक्षाको व्यवस्थापनका लागि अर्को व्यवस्था नभएसम्मको लागि बसन्तपुरस्थित पर्यटन सुचना केन्द्रको भवन, झयालदोका र ग्रिललाई रंगरोगन गर्ने साथै उक्त भवनको बैठक कोठालाई आवश्यकतानुसार काठ एवं शिसाले पार्टेशन गरी कार्यालय संचालन योग्य बनाउने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ३ : तला थप गर्ने सम्बन्धमा ।

निर्ण नं. ३ : प्रस्ताव नं. ३ उपर छलफल हुँदा नगरपालिकाको दैनिक कार्य सञ्चालन गर्नको लागि पर्याप्त कोठाहरुको आवश्यक भएको तर हाल कार्यालय सञ्चालन गर्न कोठाको अभाव भएको कारण नगर प्रमुख र उप प्रमुखको कार्य कक्षा रहेको भवनको तल्लो भागमा प्राविधिकको सल्लाह, सुझाव लिई लगत ईष्टिमेट तयार गरी तला थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ४ : विषयगत कार्यालयका कर्मचारीलाई हाजिर गराउने सम्बन्धमा ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ उपर छलफल हुँदा विभिन्न विषयगत कार्यालयबाट यस नगरकार्यपालिकाको कार्यालयमा काजमा आएका कर्मचारीहरुलाई हाजिर गराई काममा लगाउने सर्वसम्मत निर्णय गरियो ।

पस्ताव नं. ५: समावेशी सहभागितामुलक वडास्तरीय योजना तर्जुमाका लागि वडा भेला को कार्यतालीका स्वीकृति सम्वन्धमा ।

निर्णय नं ५ : पस्ताव नं. ५ उपर छलफल गर्दा तपसिलको वडास्तरीय भेलाको कार्यतालीका सर्वसम्मत रुपमा पारित गरियो ।

आ.व २०७४/०७५ को योजना तर्जुमाको लागी भएका वडा भेलाहरुको मिति, समय, स्थान र जिम्वेवार कर्मचारीहरुको विवरण

| वडा नं. | मिति | समय | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | २०७४/४/३१ | विहान १० बजेदेखि १ बजेसम्म | गुम्वा | वडा अध्यक्ष राम बहादुर गुरुङ., वडा सचिव श्री हिकमत खड्का, वडासदस्यहरु, सामाजिक परिचालक श्री कल्पना पौडेल, श्री पदम बहादुर भुजेल । |
| २ | २०७४/४/३१ | विहान १० बजेदेखि १ बजेसम्म | नगरपालिकाको सभाहल, | वडा.अध्यक्ष श्री रुद्र ब. लिम्वु, वडा सचिव श्री रामवहादुर भुजेल, वडासदस्यहरु, सामाजिक परिचालक श्री कल्पना पौडेल, ई. श्री हरि श्रेष्ठ |
| ३ | २०७४/४/३२ | विहान १० बजेदेखि १ बजेसम्म | श्रीमान स्मारक मावि | वडा.अध्यक्ष श्री कमल बहादर बानिया , वडा सचिव श्री रामबहादुर भुजेल, सामाजिक परिचालक श्री कल्पना पौडेल, ई. श्री हरी श्रष्ठ |
| ४ | २०७४/५/१ | विहान १० बजेदेखि १ बजेसम्म | संयुक्त वडा कार्यालय | वडाअध्यक्ष श्री प्रेम बहादुर गौतम, वडा सचिव श्री ओमबहादुर आले, वडासदस्यहरु, सामाजिक परिचालक , श्री शेर वहादुर लिम्वु |
| ५ | २०७४/४/३२ | विहान १० बजेदेखि १ बजेसम्म | स)युक्त वडा कार्यालय | वडा अध्यक्ष श्री नगेन्द्र कार्की, वडा सचिव श्री ओम आले, वडासदस्यहरु, सामाजिक परिचालक श्री शंकर थापा, श्री डिकबहादुर कार्की |
| ६. | २०७४/४/३२ | विहान १० बजेदेखि १ बजेसम्म | बर डाडा | वडाध्यक्ष श्री तिलोचन लिम्वु, वडा सचिव, वडासदस्यहरु, सामाजिक परिचालक श्री कल्पना पौडेल, श्री निर्मल कार्की, श्री शेर वहादुर लिम्वु |
| ७ | २०७४/४/३१ | विहान १० बजेदेखि १ बजेसम्म | लसुने बजारको खेलमैदान | वडाध्यक्ष श्री देवेन्द्र खड्का, वडा सचिव श्री अग्नी खनाल, वडासदस्यहरु, सामाजिक परिचललक श्री सुष्मा श्रीपाली, |
| ८ | २०७४/५/१ | विहान १० बजेदेखि १ बजेसम्म | मंगलवारे | उप मेयर श्री तीला पोखरेल, वडाध्यक्ष श्री तुल्सी प्रसाद खनाल, वडा सचिव श्री अग्नी खनाल, सा.प.श्री सुष्मा श्रीपाली |
| ९ | २०७४/४/३१ | विहान १० बजेदेखि १ बजेसम्म | संसारे बजार | वडाध्यक्ष श्री अम्वर बहादुर गुरुङ., श्री लेखनाथ खनाल, वडासदस्यहरु, सामाजिक परिचालक श्री सुष्मा श्रपाली, श्री निर्मल कार्की |

प्रस्ताव नं. ६ : नागरिकता वितरण घुम्ती टोली संचालन सम्वन्धमा ।

मिति २०७४।०४।२६ गते विहान ६ बजेदेखि २८ गते सम्म ( विहान ६ बजेदेखि बेलेका ६ बजेसम्म) जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको आयोजनामा लाली गुराँस नगरपालिकाको बसन्तपरुमा नागरिकता घुम्ती टोली रहने भएको र उक्त घुम्ती सेवामा नगरवासीलाई नागरिकताका लागि आवश्यक पर्ने सम्पूर्ण कागजातहरुहरु बनाउन सहज होस भन्ने हेतुले यस ला.न.पा. का नौ वटै वडाका वडाध्यक्ष, वडासचिव र सहयोगीहरुलाई प्रत्येक वडाको छेटटै डेस्क राखी वडा कार्यालयबाट प्रदान गरिने सेवाहरु एकै स्थानबाट प्रदान गरिने भएको हुँदा निर्वाचित पदाधिकारी र कर्मचारीहरुलाई ( वडाध्यक्ष, वडासचिव र सहयोगी ) उक्त दिनको लागि खाना, खाजा र यातायात खर्च उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।